

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार १८ गते शनिबार ❑ 2 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखरा-३३ मा ल्यान्डफिल्ड साइट राख्ने निर्णय खारेजीको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

पोखरा महानगरपालिकाले वडा नं ३३ भरतपोखरीमा ल्यान्डफिड साइट राख्ने तयारी गरिरहेको भन्दै स्थानीयवासीले त्यसको विरोध जनाएका छन् ।



भरतपोखरीवासी नागरिकहरूको संयोजनमा शुक्रबार'भरतपोखरीमाल्यान्डफिल्डःकति ठीक ? कति बेठिक ?' शीर्षकमा आयोजित छलफल कार्यक्रमका वक्ताले सरोकारवालाबीच छलफल नै नगरी गरिएको भरतपोखरीमाल्यान्डफिल्डसाइड राख्ने निर्णय तुरुन्त खारेजी गर्न माग गरेका छन् । कार्यक्रम संयोजक हेमबहादुर थापा पराजुलीले सरोकारवालाबीच कुनै छलफल नगरी महानगरपालिकाको बजेटमा वडा नं ३३ टिमुरपाटामा ल्यान्डफिल्ड साइट व्यवस्थापनका लागि रु १० करोड विनियोजन गरिएको विषयप्रति आफूहरूको गम्भीर रूपमा ध्यान आकृष्ट भएको बताउनुभयो । भौगोलिक अवस्थितिअनुसारआवासक्षेत्रका लागि पोखराकै उत्कृष्टस्थलका रूपमा रहेको भरतपोखरी पर्यटकीय गन्तव्यसमेत भएको बताउँदै उहाँले यस स्थानमा कुनै पनि रूपमा ल्यान्डफिल्ड साइट राख्न स्थानीयवासी तयार नरहेको स्पष्ट पार्नुभयो ।

पोखरा-३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले भरतपोखरीमा ल्यान्डफिल्ड साइट राख्ने सम्बन्धमा आफूहरू नेतृत्वमा आउनुपूर्व अघिल्लो स्थानीय सरकारको पालामा महानगर कार्यपालिकाको ५५औँ बैठकले निर्णय गरेको जानकारी गराउनुभयो । यो विषय आम वडावासीको चासो र सरोकारको विषय भएको बताउँदै उहाँले जनताको भावनाअनुसार अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । साबिक भरतपोखरी गाउँ विकास समितिका पूर्वअध्यक्ष यज्ञप्रसाद अधिकारी (ठूला)ले फोहोरसँग विकास साट्नेमा आफूहरू सहमत नरहेको बताउँदै यस निर्णयलाई खारेज गर्न माग गर्नुभयो । साबिक भरतपोखरी गाविसका पूर्वअध्यक्ष गोपाल पुनले ल्यान्डफिल्ड साइट राख्ने निर्णयको सबै वडावासीले सामूहिक रूपमा विरोध गर्ने बताउनुभयो । सरस्वती टीका माध्यमिक विद्यालयका अध्यक्ष ऋषिराज आचार्यले ल्यान्डफिल्ड साइट राख्ने जस्तो निर्णयमा सरोकारावालाबीच छलफल नै नगरिनु दुःखद भएको बताउँदै यसका विरुद्धमा सबै एकताबद्ध भएर लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

समाजसेवीपीताम्बरपौडेलले भरतपोखरीमा ल्यान्डफिल्ड साइट राख्ने निर्णय खारेज गराउन यहाँका जनप्रतिनिधिको जागरुकता आवश्यक भएको बताउनुभयो । समाजसेवी चन्द्रप्रसाद पौडेलले भरतपोखरीमा ल्यान्डफिल्ड राख्ने निर्णयका विरुद्धमा यो वा त्यो दल नभनी सबै एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभयो । युवा श्रीधर पौडेलले पर्यटनका धेरै सम्भावना रहेको भरतपोखरीमा ल्यान्डफिल्ड साइट बनाउने निर्णय अविवेकी भएको उल्लेख गर्नुभयो । पोखरा-७ का वडाध्यक्ष राममोहन आचार्यले ल्यान्डफिल्ड साइटको व्यवस्थापनतर्फ ध्यान दिनु जरुरी रहेको धारणा राख्नुभयो । छलफलमा भरतपोखरी विकास मञ्चका अध्यक्ष डिल्लीराम बराल, यज्ञप्रसाद अधिकारी (साना), रमेशराज आचार्य, नीलराज आचार्य, शान्ति पाध्या लगायतले भरतपोखरीमा कुनै पनि दृष्टिकोणबाट ल्यान्डफिल्ड साइट राख्नु उपयुक्त नदेखिएको बताउनुभयो । भेलाले भरतपोखरीमा ल्यान्डफिल्ड साइट राख्ने निर्णय तत्काल खारेज गर्न माग गर्दै यस सम्बन्धमा विस्तृत छलफलका लागि वडाका जनप्रतिनिधिमार्फत सबै पक्षीय बृहद् भेला गर्ने निर्णय गरेको छ ।

## जिल्ला समन्वय समिति कास्कीको वार्षिक समिक्षा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

जिल्ला समन्वय समिति कास्कीको आयोजनामा जिल्लाको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रमको पूर्व युबा तथा खेलकुद मन्त्री एबम प्रतिनिधि सभा सदस्य जगत बिश्वकर्माले उद्धाटन गरेका थिए । उनले सुशासन, बिकास र समृद्धिको राष्ट्रिय अभिभारा पूरा गर्न सबै लागि पर्नु पर्ने भन्दै निर्बाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र जनताको एकीकृत प्रयासले मात्रै सो सम्भब हुने बताए । बिश्वकर्माले समृद्धिको नेतृत्व कास्कीले गर्नु पर्ने भन्दै सो को लागि हरतरहले प्रयास केन्द्रित गर्न आग्रह गरे ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य बिद्या भट्टराई अधिकारीले बिकासका लागि प्रतिबद्धता र कार्यान्वयन महत्वपूर्ण हुने भन्दै बिगतमा बिकास निर्माणका काममा देखिएका कमजोरी सच्याउदै नयाँ कार्ययोजनाका साथ काममा खटिन आग्रह गरिन । प्रतिनिधि सभा सदस्य दूर्गा बि.क. ले जनप्रतिनिधि साझा भएको भन्दै बिकासमा राजनिति नगर्न जनप्रतिनिधिहरुलाई सुझाव दिइन । उनले सबैको साझा एजेन्डा बिकास भएकोले त्यसैमा केन्द्रित हुन सबैलाइ आग्रह गरिन । गण्डकी प्रदेश सभाका उपसभामुख सृजना शर्माले गम्भीर समिक्षा सहित बिकासको काममा खटिन जनप्रतिनिधिहरुलाई आग्रह गरिन । जिल्ला समन्वय समिति कास्किका प्रमुख लिलाधर पौडेलले जन अपेक्षा पूरा गर्न

बाँकी अन्तिम पृष्ठमा ▶▶

## काम नलाग्ने नोट नष्ट गर्न पोखरामा बिएसबिएस मेसिन

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

नेपाल राष्ट्र बैंकले काम नलाग्ने नोट नष्ट गर्नका लागि पोखरामा बैंक नोट सेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (बिएसबिएस) मेसिन सञ्चालनमा ल्याएको छ ।



मेसिन सञ्चालनको स्वीच अन गरेर नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले एक समारोहकाबीच शुभारम्भ गर्नुभयो । यसअघिसम्म आगोको प्रयोगबाट जलाएर नोट नष्ट गर्ने गरिएकामा अब भने बिएसबिएस मेसिनका माध्यमबाट नोट नष्ट गरिनेछ । नष्ट गरिएका नोटबाट ब्रिकेट उत्पादन हुने जनाइएको छ ।

कार्यक्रममा गभर्नर अधिकारीले नोट धुल्याउने कार्यलाई आधुनिकीकरण र यान्त्रिकीकरण गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको मेसिनका कारण वातावरणीय प्रदूषणमा पनि राहत पुग्ने बताउनुभयो । बैंकको कार्यलाई आधुनिक एवं प्रविधियुक्त बनाउनका लागि बिएसबिएस मेसिनको प्रयोग उपयोगी बन्ने उहाँले बताउनुभयो । यसअघि प्रचलनमा आउन अयोग्य ठहरिएका नोटलाई जलाएर नष्ट गरिँदै आइएकामा बिएसबिएस मेसिनको प्रयोगबाट त्यसलाई ससाना टुक्रा बनाउने र स्वचालित प्रविधिबाट ब्रिकेट उत्पादन गर्ने कार्यक्रममा जानकारी गराइयो ।

## शनिबार पोखरा सभागृह हलमा स्पोर्टस् अवार्ड

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

शनिबार छैटौं संस्करणको पोखरा स्पोर्टस् अवार्ड २०७८ हुँदैछ । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेको प्रमुख आतिथ्यतामा हुने अवार्ड कार्यक्रममा कुल ७ वटा विधामा अवार्ड वितरण गरिनेछ ।

यसरी वितरण गरिने अवार्डको विधामा लाइफ टाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र वर्ष उत्कृष्ट खेल पत्रकार विधा रहेको आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले जानकारी दिए । वर्ष खेलाडी पुरुष विधामा ब्याडमिन्टनका विधान अधिकारी, करातेका बुद्ध लामा र टेनिसका प्रदिप खड्का, वर्ष खेलाडी महिलामा भलिवलकी अरुणा शाही, क्रिकेटकी मनिषा उपाध्याय र करातेकी सरगम कुमाल, उदियमान खेलाडी विधामा टेनिसका दर्शिल श्रेष्ठ, क्रिकेटका श्रृष्टि जैशी र बक्सिङका शाहिल लिम्बु, उत्कृष्ट प्रशिक्षक विधामा क्रिकेटका रिजन प्रजु, तेक्वान्दोकी रेकमाया गुरुङ र टेनिसका निरज थापा मनोनयन सूचिमा परेका छन् । तीमध्ये छनोट समितिले गरेको निर्णयको आधारमा उत्कृष्ट १ जनालाई अवार्ड वितरण हुनेछ । लाइफ टाइम अचिभमेन्ट अवार्ड अग्रज खेलाडी गणेश बहादुर भट्टराईलाई प्रदान गरिनेछ । उत्कृष्ट खेल संघ र वर्ष उत्कृष्ट खेल पत्रकार विधाको घोषणा सोही कार्यक्रममा नै हुनेछ ।

पोखरा स्पोर्टस् अर्वाड अन्तर्गत वर्ष खेलाडी पुरुष र महिलाले टेल जी ब्राण्डको टाइगर मोडलको इलेक्ट्रिक स्कुटर र ट्रफी पुरस्कार स्वरुप प्राप्त गर्नेछन् । वर्ष उत्कृष्ट उदियमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघ, उत्कृष्ट खेल पत्रकारलाई नगद पैतिस हजार रुँपैयाको साथमा ट्रफी प्रदान गरिने मञ्च अध्यक्ष दीननाथ बरालले बताए । यसैगरी लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्ने व्यक्तिलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ । उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिनेछ ।

अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, एम ए कस्ट्रक्सन प्रालि, सहारा क्लब पोखरा, नेपाल भूतपुर्व खेलाडी मञ्च, तमु धिं युके, आभ्या क्लब, युनाइटेड नेसनको वातावरण पार्टनर टेल जी ब्राण्डको टाइगर मोडलको इलेक्ट्रिक स्कुटर, होटल पौवा लेकसाइड, जु जु वेर्यस, सिटीवान टेलिभिजन, पोखरेली मञ्च युके, परिचय एड् भर्टाइजिङ, चिल्लिबार एण्ड रेष्टुरेन्ट, टाइगर गुप्र अफ पोखरा, साइमन पार्टी प्यालेस, वल्डलिंक, फिस्टेल हस्पिटल, युनाइटेड क्लब, अमेरिकाबाट सरिता गुरुङ, जापानबाट पूर्व अध्यक्ष मोहन घले, पूर्व अध्यक्ष प्रेमनारायण न्यौपाने, मनकामना पेट्रोलपम्प, शितलज्योती युवा क्लब, लाइफकेयर डाईग्नोस्टिक्स एण्ड रिर्सच सेन्टर, सुनगाभा न्युज, स्टेशन गैह्रापाटन, सिटीजन फर्निचर, जिल्ला खेलकुद विकास समिति कास्की, गण्डकी एण्ड धौलागिरी सप्लायर्स प्रालि लगायत सहयोगीको रुपमा जोडिएको मञ्चले जनाएको छ । यसैगरी पोखरा रामबजार निवासी स्व. सेनानी हेमबहादुर पुनको स्मृतिमा परिवारको तर्फबाट विगतदेखि प्रदान गर्दै आएको उत्कृष्ट खेल पत्रकार पुरस्कारलाई यसपाली समेत निरन्तरता दिनेछ । अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा गायक विनोद वाँनिया, हाँस्यकलाकार युवराज भण्डारी, गायक सन्तोष बस्याल, गायिका प्राप्ति तुलाचन, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गण्डकीको लाइभ दोहोरी, गण्डकी प्रज्ञा प्रतिष्ठानको कल्चरल नृत्य, गण्डकी बिव्वाइजको बिबोइङ नृत्य, गजल वाचन र डेमोस्ट्रेशन रहनेछ ।

## नेपाली चलचित्र र कलाका बारेमा अध्यक्ष दाहाल र महानायक हमालबीच छलफल

**रासस**
**काठमाडौं, १७ असार**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाली चलचित्र जगत्का महानायक राजेश हमालबीच भेटवार्ता भएको छ ।

अध्यक्ष दाहालको निवास खुमलटारमाशुक्रबारभएकोभेटमा नेपालको कला तथा चलचित्र क्षेत्रको विषयमा कुराकानी भएको थियो । भेटमा सहभागी सङ्गीतकार चेतन सापकोटाकाका अनुसार उहाँहरूबीच नेपालको चलचित्र उद्योग, कला क्षेत्र, राज्यको लगानी र उत्प्रेरणालगायत विषयमा छलफल भएको थियो ।

अध्यक्ष दाहालले नेपालको चलचित्र उद्योगलाई अन्तर र्ाष्ट्रियस्तरमा पुऱ्याउनका लागि राज्यका तर्फबाट जे-जति भूमिका निर्वाह हुनुपर्ने हो, त्यसो हुन नसकेकाले मिलेर काम गर्नुपर्ने बताउनुभएको थियो ।

नेपाली चलचित्र क्षेत्रलाई लामो समयसम्म डोऱ्याएर समृद्ध बनाउन नायक हमालले निर्वाह गर्नुभएको भूमिकाको समेत अध्यक्ष दाहालले प्रशंसा गर्नुभएको थियो ।

कलाकारहरू खुलेर राजनीतिमा आउने परिपाटीको विकास अध्यक्ष दाहालको पालामा नै भएको बताउँदै नायक हमालले कलाकारलाई राम्रो व्यवहार गर्ने परिपाटीको सुरुआत भएकामा प्रशन्नता व्यक्त गर्नुभएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लामा फाउण्डेशन घान्द्रुकले राख्यो जोखिमयुक्त घुम्तीमा 'कन्भेक्स मिरर'

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

कास्कीको पर्यटकीय स्थल घान्द्रुक जाने सडकखण्डको जोखिमयुक्त घुम्तीमा लामा फाउण्डेशन घान्द्रुकले कन्भेक्स मिरर राखेको छ।

कास्कीको अन्नपुर्ण गाउँपालिका १० र ११ घान्द्रुकस्थितका विभिन्न १० घुम्तीमा १ लाख बराबरको कन्भेक्स मिरर जडान गरेको हो।

सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्य सहित कन्भेक्स मिरर राखेको फाउण्डेशनका संस्थापक अमृत लामा गुरुङले बताए। उनका अनुसार अन्नपूर्ण ८ को बिरेठाँटी, लामखेत, सार्दीखोला, सिर्दीडाँडा, भिचुकचोकमा २ वटा, छैछरीचोकको स्कुल घुम्ती, सिँवै र हुँदुँ लगायतका घुम्तीहरुमा कन्भेक्स मिरर ( ऐना ) जडान गरिएको हो। घान्द्रुकमा



दिनहुँ पर्यटकको आवागमन वृद्धि भएको बताउदै यात्रालाई सुरक्षित गराउने उद्देश्य सहित ऐना जडान गरिएको बताए। 'अहिले सडक पिच भएको छ गाडीको गति बढी हुने र दुर्घटना हुने सम्भावना बढी भएकाले यसलाई न्यूनीकरण गर्ने उद्देश्यसहित जडान गरेको हो, उनले भने, 'यो अभियानमा देश तथा विदेशमा रहनुभएका आफन्तजन साथीभाईहरुको आर्थिक सहयोग गर्नुभएको छ।' कन्भेक्स मिररले विपरित दिशाको बाटोको अवस्थालाई देख्न सघाउ पुर्याउछ। कन्भेक्स मिरर जडान गरेपछि चालकहरु पनि हर्षिद छन्। स्थानीय चालक विजय घमालले जोखिमयुक्त सडकको घुम्तीहरुमा ऐना जडान गरेपछि दुर्घटना न्यूनीकरण हुने धारणा राखे। उनले ऐना जडान हुनुभन्दा पहिले घुम्तीहरुमा सवारी हर्नको प्रयोग अत्यधिक हुने गरेको बताउदै अब कन्भेक्स मिररले हर्नको प्रयोग गर्न नपर्ने सुनाए। 'कसैले त हर्न पनि बजाउँदैनन्, उनले भने, 'ऐना राखेपछि उताबाट के आएको छ प्रष्ट देखिन्छ। त्यसैले दुर्घटना हुने सम्भावना कम छ। र हामीलाई गाडी चलाउन पनि सजिलो भएको छ।' उनले फाउण्डेशनका संस्थापक लामालाई धन्यवाद समेत व्यक्त गर्दै विगतमा कलाभीरमा समेत रेलिङ निर्माण गरिदिएको स्मरण गरे।

विभिन्न सामाजिक कार्यमा सक्रिय रहदैं आएको फाउण्डेशनले यस अघि घान्द्रुकस्थित कलाभीरमा सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्धेश्यसहित १ लाख ४५ हजारको लागतमा रेलिङ निर्माण गरेको थियो। उक्त भीरमा गत वर्षको असोज २५ गते जिप दुर्घटना हुँदा चालकसहित ८ जनाले घटनास्थलमै ज्यान गुमाएका थिए।



कोन सहकारीको सहयोग भद्रकाली माविमाः पोखरा महानगरपालिका वडा न १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले भद्रकाली माविमा निर्माणधिन मुल गेट लगायत कार्यहरुको लागि रु ६० हजार प्रदान गरेको छ। सहकारीको सभाहलमा शुक्रवार सहकारीका अध्यक्ष तिर्थवहादुर वस्नेतले भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्कीलाई सो रकम प्रदान गरिएको हो। सामाजिक उत्तरदायित्व अन्तर्गत सहकारीले विद्यालयलाई आर्थिक सहयोग गरिएको सहकारीका सचिव शान्तकुमार श्रेष्ठले बताए। सहकारीका अध्यक्ष तिर्थवहादुर वस्नेतको अध्यक्षतमा भएको कार्यक्रममा भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष लोक वहादुर कार्की लगायतले बोलेका थिए। फोटो-पोखरापत्र

# 'अध्यक्षसँग सुत्केरी' कार्यक्रम

**पोखरापत्र संवाददाता**
**दमौली, १७ असार**

तनहुँको म्याग्दे गाउँपालिकाले सञ्चालन गरेको 'अध्यक्षसँग सुत्केरी' कार्यक्रम प्रभावकारी बन्दै गएको छ।

घरमा हुने जोखिमपूर्ण सुत्केरीलाई अन्त्य गर्न र स्वास्थ्य संस्थामार्फत सुत्केरी गराउन प्रेरणा दिने उद्देश्यले गाउँपालिकाले विगत दुई वर्षदेखि सञ्चालन गरेको ' अध्यक्षसँग सुत्केरी' कार्यक्रम प्रभावकारी बन्दै गएको हो। कार्यक्रम सुरु भएपछि घरमा हुने असुरक्षित सुत्केरी सङ्ख्या घटेको र संस्थागत सुत्केरी गराउनेको सङ्ख्या बढेको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख तिलक घिमिरेले जानकारी दिनुभयो। यसअघि वार्षिक रूपमा १५/२० जना मात्रै संस्थागत सुत्केरी हुने गरेकामा कार्यक्रम लागू भएपछि संस्थागत रूपमा सुत्केरी गराउनेको सङ्ख्या १४० रहेको उहाँले बताउनुभयो।

"अध्यक्षसँग सुत्केरी कार्यक्रममार्फत संस्थागत सुत्केरी गराउनेलाई रु तीन हजार पोषण खर्च बापतको रकम प्रदान गर्छौं," उहाँले भन्नुभयो, "यो कार्यक्रममार्फत असुरक्षित सुत्केरी गराउने क्रम घटेको छ।" गाउँपालिकाले घरमा हुने सुत्केरीलाई पूर्ण रूपमा निस्तेज पार्दै संस्थागत सुत्केरी सेवालाई प्राथमिकतामा राखेको बताउँदै उहाँले भन्नुभयो, "यसले गर्दा घरमा हुने असुरक्षित सुत्केरीको कारण आमा र बच्चाको स्वास्थ्य हुने जोखिम न्यूनीकरणका पनि टेवा पुऱ्याएको छ।" गाउँपालिकाले चालु आर्थिक वर्षमा संस्थागत सुत्केरी गराउने ९५ जना महिलालाई पोषण खर्चबापत रु तीन हजारका दरले प्रोत्साहन रकम प्रदान गरिसकेको छ।

यसै क्रममा केही दिनअघि मात्रै १९ जनालाई पोषण खर्चबापत रु तीन हजारका दरले रकम वितरण गरिएको छ। गाउँपालिकाले सुत्केरीका लागि घरबाट स्वास्थ्य संस्थासम्म र स्वास्थ्य संस्थाबाट घरसम्म जान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिरहेको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो। साथै जोखिम अवस्थामा रहेका र स्थानीय स्वास्थ्य संस्थाबाट रिफर गरिएका ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई पोखरादेखिभरतपुरसम्मनिःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको उहाँले बताउनुभयो। मातृ शिशु मृत्युदर कम गराउन सञ्चालित यो कार्यक्रम प्रभावकारी बन्दै गएको र यसलाई निरन्तरता दिइने श्रेष्ठले बताउनुभयो। "गर्भावस्थामा स्वास्थ्य परीक्षण नगर्ने र घरमै असुरक्षित सुत्केरी गराउँदा महिलाहरूको ज्यान जाने खतरा हुन्छ," अध्यक्ष श्रेष्ठले भन्नुभयो, "त्यसलाई निरुत्साहित गर्दै स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्ने नीति लिएका छौं।" उहाँका अनुसार पोषण भत्ता वितरण थालिएपछि स्वास्थ्य संस्थामा परीक्षण गराउन र सुत्केरी हुन आउनेको सङ्ख्या बढेको छ। गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख घिमिरेका अनुसार गाउँपालिकाले दिने रु तीन हजार पोषण भत्ता लिनलाई गर्भवतीले कम्तीमा चारपटक स्वास्थ्य परीक्षण गराएको हुनुपर्छ। उहाँका अनुसार म्याग्दे बाहिरका सरकारी स्वास्थ्य संस्थामा सुत्केरी हुनेले भने यो सुविधा पाउँदैनन्।

सुरक्षित प्रसूति तथा कुपोषणमुक्त गाउँपालिका बनाउने उद्देश्यसहित यस्तो कार्यक्रम ल्याइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। "स्वास्थ्य क्षेत्र सुदृढ गर्न तथा सुरक्षित प्रसूति एवं कुपोषणमुक्त बालबालिका बनाउन यो कार्यक्रम ल्याएका हौं," स्वास्थ्य शाखा प्रमुख अधिकारीले भन्नुभयो, "यसले मातृ मृत्युदर घटाउनाका साथै आमा र शिशुको स्वास्थ्यलाई समेत फाइदा पुग्छ।"

# जिल्ला...

सबै पालिकाका प्रतिनिधि र राष्ट्रसेवक कर्मचारी लाग्न आग्रह गर्दै स्थानिय तह कास्कीमा बेरुजु मुक्त पुर्ण समृद्ध जिल्ला निर्माणमा लाग्न आग्रह गरे। उनले अझै पनि केही पालिकाकाहरु आफ्नो कार्य सम्पादनको समिक्षामा तयार नहुनु बिकासप्रतिको अनुत्तरदायित्व भएको जिकिर गरे। कार्यक्रममा कास्कीका पालिकाहरु र बिषयगत कार्यालयहरुको तर्फबाट समीक्षा प्रतिबेदन प्रस्तुत गरिएको थियो। प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न समिक्षा कार्यक्रममा स्वागत उपप्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नबराज बरालले गरेका थिए।

# कपडाको चप्पल बनाउने तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

गण्डकी बहुप्राविधिक शिक्षालयको आयोजनामा स्थानीय उत्पादनलाई बढवा दिँदै स्वरोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले सञ्चालन भएको कपडाको चप्पल बनाउने तालिम सम्पन्न भएको छ। पोखरा महानगरपालिकाको समन्वयमा शिक्षालयको स्वीकृत पाठ्यक्रममा आधारित रहेर ६० घण्टाको उक्त तालिममा स्थानीय २० महिलाको सहभागिता थियो।

शिक्षालयका निर्देशक लक्ष्मण तिमिल्सिनाले आर्थिक सशक्तीकरणका लागि सीपमूलक तालिमको आवश्यता औंल्याउँदै शिक्षालयले बजारमा माग भएबमोजिमको दक्ष जनशक्ति र उत्पादनमा जोड दिन तालिम प्रदान गर्दै आइरहेको बताउनुभयो। उहाँका अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्वीकृत बजेट तथा कार्यक्रम र पोखरा महानगरपालिकाको संयुक्त साझेदारीमा तीनमहिने मोटरसाइकल रिपेयरिङ तालिम, इसिडी सहजकर्ता तालिम, सिलाइकटाइ तालिम, स्थानीय बाजा बजाउने तालिम, प्लमबिङ तह एकका तालिम सञ्चालन भइरहेका छन्।

तालिममा छनोट भएका सहभागीलाई कुनै शुल्क लाग्ने छैन भने तालिममा प्रयोग हुने सामग्री पूर्ण व्यवस्थापन गरिने छ। तीन सय ९० घण्टे तालिमका लागि भने सीप परीक्षण परीक्षा अनिवार्य गरिएको छ।

पोखरा महानगरपालिकाले महिलालाई आत्मनिर्भर बनाउन उपप्रमुखसँग महिला कार्यक्रम, पोखरा उद्योग वाणिज्य सङ्घ, पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एशोसिएशन, बुटिक एशोसिएशनलगायतका सङ्घ संस्थासँग समझदारी गरिएको कार्यक्रम व्यवस्थापक सन्तोष शर्माले जानकारी दिनुभयो। उहाँले टोलसँग समन्वय गरेर तालिम प्रदान गरिएको हो।

कार्यक्रममा पोखरा महानगरपालिका नगरसभा सदस्य तनुजा थापाले स्थानीयस्तरमा बनेका चप्पल उचित बजार व्यवस्थापनका लागि पोखरा -१४ ले सहजीकरण गर्ने बताउनुभयो। तालिममा भवानी टोल महिला समूहका अध्यक्ष कल्पना कार्की, पोखरा महानगरपालिका नगरसभा सदस्य दिलकुमारी गुरुङ, गण्डकी बहुप्राविधिक शिक्षालयका शैक्षिक प्रमुख सरोज अधिकारी, शिक्षालय कर्मचारी अस्मिता खनाल र सहभागीहरू जानुका केसी, लक्ष्मी रानाभाटलगायतले तालिमका बारेमा आफ्नो धारणा एवं अनुभव राख्नुभएको थियो।

# अर्मलाका बाढी पिडितलाई पूर्वेली एकता समाजको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असार**

पोखरा महानगरपालिका वडा नं १६ अर्मला फेदिका बाढी पहिरो पीडित पाँच परिवारलाई पुर्वेली एकता समाजले सहयोग गरेको छ।

स्थानीय राम बहादुर मगर तथा अति बिपन्न पुरे बिकको परिवारलाई खाद्यान्न तथा आधारभूत बन्दोबस्तीका सामान हरु वितरण गरिएको समाजका अध्यक्ष गुणराज बाँस्तोलाले जानकारी दिए।



वितरण गरिएका सामानमा सिरक, डसना, पाँच जनाको परिवारलाई चाहिने भाँडाकुँडा लगायत छन्। वडा नं १६ का वडा अध्यक्ष अमृत शर्मा तिमिल्सिना तथा अन्य जनप्रतिनिधिको उपस्थितिमा राहत वितरण गरिएको हो। असार ११ गते बिहानपख परेको अविरल बर्षाको कारण आएको बाढीले मगरको घर पुर्ण रूपमा क्षती भएको हो भने अरु १२ घर आंशिक रूपमा क्षति भएको थियो। राहत हस्तान्तरण कार्यक्रमको संचालन समाजका सचिव मंगल लिम्बुले गरेका थिए। कार्यक्रममा समाजका सदस्य धनबहादुर तामाङले नगद रु एक हजार पाँच सय पाँच रुपैयाँ पीडित मगरलाई हस्तान्तरण गरेका थिए।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

